कृषि यन्त्र/उपकरण मर्मत सम्बन्धि हाते पूस्तिका

बागमती प्रदेश सरकार

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि विकास कार्यालय, काभ्रेपलान्चोक

धुलिखेल, काभ्रेपलान्चोक

फोन नं: ०११-४९०२०१/४९०५८९ Email: adokavre@gmail.com Web: www.kavre.ado.gov.np

विषय सुची

१.परिचय १

२.नेपालमा कृषि यान्त्रिकरणको इतिहास (Agricultural Mechanization History of Nepal) १

२.१. परम्परागत कृषि युग (वि.सं. २००० भन्दा अघि) १

२.२. प्रारम्भिक मेशिनिकरण प्रयास (वि.सं. २०१०—२०३०) १

२.३. संस्थागत विकास र सरकारी पहल (वि.सं. २०३०—२०५०) २

२.४. आधुनिक मेशिनिकरण युग (वि.सं. २०५० पछि) २

२.५. वर्तमान स्थिति (वि.सं. २०८० पछि) २

३. विभिन्न कार्यमा प्रयोग हुने कृषि यन्त्र/उपकरण को मर्मत तथा आवश्यक कार्यहरूः ३

३.१. मिनी टिलर (Mini Tiller ७HP, ९HP) ३

३.२. पावर टिलर (Power Tiller)(१०-१६ hp) ४

३.३. कम्बाइन मिल(Combine Mill) ५

३.४. मकै छोडाउने मेसिन (Corn Sheller) ६

३.५. पानी तान्ने पम्प (Water Pump) ६

३.६. धान रोप्ने मेसिन (Rice Transplanter) ८

३.७. कफी पल्पर मेसिन (Coffee Pulper Machine) ९

३.८. रिज मेकर (Potato Ridge Maker) ९

३.९. धान र गहुँ रिपर (Paddy & Wheat Reaper) १०

३.१०. मकै रोप्ने मेसिन (Corn Seeder) १०

३.११. मल्टि क्रप थ्रेसर (Multi Crop Thresher) ११

१.परिचय

नेपालको राष्ट्रिय अर्थतन्त्रमा कृषि क्षेत्रको ठूलो योगदान रहे पनि परम्परागत खेती प्रणाली, उपयुक्त पूर्वाधार, प्रविधि, र जनशक्तिको अभावजस्ता कारणले कृषि क्षेत्रले अपेक्षित गति लिन सकेको छैन। विकसित देशहरू (८-१० kW/ha) र छिमेकी राष्ट्र भारत (करिब ३ kW/ha) को तुलनामा नेपालमा ऊर्जाको प्रयोग १ kW/ha भन्दा कम हुनु एक दुःखद पक्ष हो। यद्यपि, भौगोलिक अवसरहरू, प्रमाणित प्रविधिहरू र स्रोत-साधनलाई एकीकृत गरेर लागू गर्न सकेमा नेपालको कृषिले युगान्तकारी परिवर्तन गर्न सक्ने प्रचुर सम्भावना बोकेको छ।

पछिल्लो समय कृषिमा यान्त्रीकरण, ड्रोनको प्रयोग, बजारमा आधारित उत्पादन, संरक्षित कृषि इन्जिनियरिङ संरचनाको विस्तार, निजी लगानीमा वृद्धि, र कृषिमा प्रविधिको बढ्दो प्रयोग आदिलाई कृषि क्षेत्रको औद्योगिकीकरणको बलियो आधारको रुपमा मान्न सकिन्छ। राज्य तहका सरकार तथा विभिन्न संघसंस्था हरूले कृषि यान्त्रीकरण प्रवर्द्धनमा उल्लेखनीय योगदन पुर्याउदै आएका छन। तर, कृषि यन्त्र/उपकरणहरूको कार्यक्षमता ५०% भन्दा कम हुनु चुनौती हो, जसलाई व्यवस्थापकीय सुधारबाट ८९% सम्म पुर्याउन सकिने विभिन्न अध्यन अनुसन्धानको प्रतिवेदनबाट देखन सकिन्छ। त्यसैले उक्त यन्त्र/उपकरण केहि समयको प्रयोग पछि प्रयोगकर्तामा सामन्य सर्भिसिङ तथा मर्मत सम्भारको ज्ञानको कमिले प्रयोगमा नआई थन्किइरहेका छन्।

२.नेपालमा कृषि यान्त्रिकरणको इतिहास (Agricultural Mechanization History of Nepal)

२.१. परम्परागत कृषि युग (वि.सं. २००० भन्दा अघि)

- नेपालमा कृषि परम्परागत शैलीमा आधारित थियो।
- गोरु, हलो, जुवा, कोदालो, दंते, र डाबली जस्ता औजारको प्रयोगबाट खेती गरिन्थ्यो।
- मानव श्रम र जनावरहरूको प्रयोग नै मुख्य ऊर्जाको स्रोत थियो।
- सिँचाइका लागि खोला, मुहान प्राकृतिक स्रोतहरूमा निर्भरता थियो।

२.२. प्रारम्भिक यान्त्रीकरण प्रयास (वि.सं. २०१०—२०३०)

- भारत र अन्य देशहरूसँगको सीमापार व्यापारपछि साना मेशिन र औजार उपकरणहरू नेपाल भित्रिन थालेको देखिन्छ।
- खुट्टाले चलाउने धान झार्ने मेसिन (पेडल थ्रेसर), पानी तान्ने पम्प, र साना ट्र्याक्टरहरू सीमित मात्रामा आयात हुन थालेको विभिन्न अध्यन्न अनुसन्धानको प्रतिवेदनमा देख्न सकिन्छ।
- सरकारले कृषि उत्पादन बढाउनका लागि विभिन्न आयोजना/परियोजनाको सहयोगमा केही सहकारी तथा कृषि फार्महरूमा मेशिनको प्रयोग सुरुवात गरेको सरकारी प्रतिवेदनमा उल्लेख भएको देखिन्छ।
- यो अवधिमा कृषि विकास बैंक (ADB) स्थापना भई कृषि उपकरण खरिदका लागि सहुलियत ऋण सुविधाको सुरुवात गरि यान्त्रिकरणमा सहयोग पुगेको देखिन्छ।

२.३. संस्थागत विकास र सरकारी पहल (वि.सं. २०३०—२०५०)

- कृषि मन्त्रालय अन्तर्गत **कृषि इन्जिनियरिङ्ग विभाग** (**Department of Agricultural Engineering)** स्थापना भयो।
- कृषि उपकरण उत्पादन, वितरण, र मर्मतका लागि सरकारी अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरू सञ्चालनमा आए।
- सिँचाइका लागि डीजल र इलेक्ट्रिक पम्पहरूको प्रयोगमा वृद्दि।
- कृषि औजार निर्माण गर्ने साना कार्यशालाहरू (local workshops) को विस्तार।
- यस अवधिमा जापान, चीन, र भारतबाट सहयोगमा विभिन्न परियोजनाहरू सञ्चालन भए ' जस्तै **Small Farm Development Project, Small Irrigation and Mechanization Project , Tractor and Power Tiller Support Program** ।

२.४. आधुनिक यान्त्रिकरण युग (वि.सं. २०५० पछि)

- साना किसानदेखि व्यावसायिक किसानसम्म ट्र्याक्टर, पावर टिलर, मकै/धान थ्रेसर, रीपर, ह्यारो, र ड्रिप इरिगेशन प्रणाली प्रयोग गर्न थाले।
- निजी क्षेत्रका डिलरहरू (dealers) र आयातकर्ताहरू ब्यबसायिक रुपमा भइ यन्त्र औजार उपकरणको कारोबारमा वृद्दि हुन थाल्यो।
- सरकारले औजार उपकरणको प्रयोग अभि वृद्दिका लागि सहुलियत एवं अनुदानका कार्यक्रम संचालन भए , **जसअन्तर्गत किसानले सहुलियत दरमा ट्रयाक्टर, पम्पसेट लगायतका औजार उपकरण हुमा सुबिधा पाउन थाले**।
- कृषि उपकरणको प्रयोगमा महिलाको सहभागिता पनि बढ्दै गएको छ।
- हाल कृषि यान्त्रीकरणलाई प्रविधि—मैत्री, महिला मैत्री र स्मार्ट एग्रीकल्चरको दिशामा लैजाने प्रयास भइरहेको छ ' जस्तै GPS–आधारित ट्र्याक्टर, ड्रोन—स्प्रे, र स्वचालित सिँचाइ प्रणाली।

२.५. वर्तमान स्थिति (वि.सं. २०८० पछि)

- नेपालमा करिब ३०% भन्दा बढी खेती योग्य जमिनमा कुनै न कुनै रूपमा मेशिन प्रयोग हुँदैछ।
- प्रदेश र स्थानीय तहले यन्त्र, औजार र उपकरणका लागि छुट्टै अनुदान कार्यक्रम संचालन भैरहेका छन ।
- कृषि शिक्षण संस्थाहरुले (जस्तै त्रिभुवन विश्वविद्यालयको IOE, IAAS र AFU) कृषि मेशिनरी सम्बन्धी अध्ययन र अनुसन्धान कार्यमा प्राथमिकताका साथ काम गर्दै आएका छन।
- कृषि यन्त्र, औजार र उपकरणले लागत घटाउने युवा रोजगारी, उत्पादन वृद्धि, र श्रम दक्षता बढाउने मुख्य भूमिका खेलिरहेको छ।

३. विभिन्न कार्यमा प्रयोग हुने कृषि यन्त्र/उपकरण को मर्मत तथा आवश्यक कार्यहरूः

३.१. मिनी टिलर (Mini Tiller ७HP, ९HP)

समय	गर्नु पर्ने क्रियाकलाप
प्रत्येक प्रयोग पछि	• मेसिन सफा गर्नुहोस्। • ब्लेडहरूमा माटो र घाँस टाँसिएको भए हटाउनुहोस्।
प्रत्येक ५-१० घण्टा सञ्चालन पछि	•इन्जिन तेलको स्तर जाँच गर्नुहोस्। आवश्यक भएमा थप्नुहोस्। • बोल्ट र नटहरू खुकुलो भएका हुनसक्छन्, आवश्यक चेक जांच गरी कस्नुहोस।
प्रत्येक २५-५० घण्टा सञ्चालन पछि	• इन्जिनमा प्रयोग गर्ने तेल (Engine Oil) तेल परिवर्तन गर्नुहोस्। • एयर फिल्टर सफा गर्नुहोस्। धेरै फोहोर भएमा बदल्नुहोस्। • गियर बक्सको तेलको स्तर जाँच गर्नुहोस्।
प्रत्येक १०० घण्टा सञ्चालन पछि	• स्पार्क प्लग सफा गर्नुहोस् वा बदल्नुहोस्। • गियर बक्सको तेल परिवर्तन गर्नुहोस्। • क्लचको केबल र बेल्टको तनाव (Tension) जाँच गर्नुहोस्। • सबै बेरिङहरूमा ग्रीस लगाउनुहोस्।
वार्षिक वा लामो समय प्रयोग नभए पछि	• मेसिनलाई पूर्ण रूपमा सफा गर्नुहोस्। • सबै तरल पदार्थ (इन्जिन तेल, गियर तेल) बदल्नुहोस्। • खियाबाट बचाउनका लागि ब्लेडमा तेल लगाउनुहोस्।

Engine oil परिवर्तन गर्दै

इञ्जिनको **रिकोइल स्टार्टर** जडान गर्दै

३.२. पावर टिलर (Power Tiller) (१०-१६ hp)

समय	गर्नु पर्ने क्रियाकलाप
प्रत्येक प्रयोग पछि	• मेसिन र टायरमा टाँसिएको माटो सफा गर्नुहोस्। • इन्जिनमा कुनै असामान्य आवाज वा कम्पन छ कि छैन जाँच गर्नुहोस्।
प्रत्येक १०-१५ घण्टा सञ्चालन पछि	• इन्जिन तेलको स्तर जाँच गर्नुहोस् र आवश्यकता अनुसार थप्नुहोस्। • इन्जिन चिसो बनाउने कुलेन्ट (Coolant) को स्तर जाँच गर्नुहोस् (यदि लागू हुन्छ)। • सबै बोल्ट, नट र स्क्रुहरू कस्नुहोस्।
प्रत्येक ५०-७० घण्टा सञ्चालन पछि	• इन्जिनमा प्रयोग गर्ने तेल (Engine Oil) परिवर्तन गर्नुहोस्। • एयर फिल्टर सफा गर्नुहोस्। धेरै फोहोर भएमा बदल्नुहोस्। • इन्धन फिल्टर जाँच गर्नुहोस् र आवश्यक भएमा बदल्नुहोस्।
प्रत्येक २०० घण्टा सञ्चालन पछि	• गियर बक्सको तेल परिवर्तन गर्नुहोस्। • क्लच र ब्रेकको अवस्था जाँच गर्नुहोस्। • फ्यान बेल्टको तनाव (Tension) जाँच गर्नुहोस्।
वार्षिक वा सिजनको अन्त्यमा	• मेसिनलाई पूर्ण रूपमा सफा गरी सुक्खा ठाउँमा भण्डारण गर्नुहोस्। • सबै चलिरहेका भागहरूमा खियाबाट बचाउनका लागि खियाप्रतिरोधी तेल (Rust preventive oil) लगाउनुहोस्।



पावर टिलरमा मोविल परिवर्तन गर्दै

३.३. कम्बाइन मिल(Combine Mill)

समय	गर्नु पर्ने क्रियाकलाप
प्रत्येक प्रयोग पछि	• मेसिनमा जम्मा भएको भुस, धुलो र अन्नका टुक्राहरू सफा गर्नुहोस्। • स्क्रू र नटहरू खुकुलो छन् कि छैनन् जाँच गर्नुहोस्।
प्रत्येक १०-२० घण्टा सञ्चालन पछि	• बेल्टको तनाव (Tension) जाँच गर्नुहोस् र आवश्यक भएमा मिलाउनुहोस्। • सबै चलिरहेका भागहरूमा ग्रीस लगाउनुहोस् (जहाँ ग्रीस निप्पलहरू छन्)। • इन्जिनको इन्धन र तेलको स्तर जाँच गर्नुहोस् (इन्जिनयुक्त मेसिनको लागि)।
प्रत्येक १०० घण्टा सञ्चालन पछि	• सबै बेरिङहरू र गियरहरूमा ग्रीस वा तेल लगाउनुहोस्। • मेसिनका सबै भागहरूमा कुनै क्षति वा खिया लागेको छ कि छैन जाँच गर्नुहोस्। • यदि मेसिन धेरै प्रयोग भएको छ भने, यसको प्रमुख भागहरू जाँच गर्नुहोस्। (जस्तै जाली)
प्रत्येक प्रयोग पछि	• मेसिनमा जम्मा भएको भुस, धुलो र अन्नका टुक्राहरू सफा गर्नुहोस्। • स्क्रू र नटहरू खुकुलो छन् कि छैनन् जाँच गर्नुहोस्।

खिया लागेको कम्बाइन मिलको शाफ्ट (Shaft) परिवर्तन गर्दै

३.४. मकै छोडाउने मेसिन (Corn Sheller)

समय	गर्नु पर्ने क्रियाकलाप
दैनिक सर्भिसिङ	• मकैको धुलो फोहोर हटाई सफा गर्नुहोस्। • बेल्ट र पुली जाँच गरि खुकुलो भए कस्नुहोस। • फ्यान र सिभ सफा गर्नुहोस्।
साप्ताहिक सर्भिसिङ	• गतिशील भागहरूको पहिरन जाँच गरि ग्रीस लगाउनुहोस्। बोल्ट र ज्वाइन्ट सफा गर्नुहोस्।
वार्षिक सर्भिसिङ	• सम्पूर्ण मेसिन निरीक्षण गरि खिया लागेको भाग पेन्ट गर्नुहोस्। • दक्षता परीक्षण गरि मोटर र बेल्ट परिबर्तन गर्नुहोस्।

मेसिन बाट मकै छोडाउदै

३.५. पानी तान्ने पम्प (Water Pump)

समय	गर्नु पर्ने क्रियाकलाप
दैनिक	•पम्प चल्दा कुनै असामान्य आवाज (Unusual sound) आएको छ कि छैन, ध्यान दिनुहोस्। •पम्पको मोटर वा बेरिङ (Bearing) धेरै तातेको छ कि छैन, हातले छोएर वा तापक्रम नाप्ने यन्त्रले (Thermometer) जाँच गर्नुहोस्। •पम्पको जोइन्ट (Joint) वा पाइपबाट पानी चुहिएको छ कि छैन, जाँच गर्नुहोस्।
साप्ताहिक	•यदि पम्पमा तेल वा पानी (Coolant) राख्ने व्यवस्था छ भने, त्यसको स्तर जाँच गर्नुहोस्। •यदि बिजुलीको पम्प हो भने, यसको भोल्टेज र करेन्ट सही छ कि छैन, नाप्ने यन्त्र (Multimeter) प्रयोग गरी जाँच गर्नुहोस्।

पानि तान्ने पम्पको मर्मत गर्दै

.५. पानी तान्ने पम्प (Water Pump)

मासिक	•पम्प र यसको वरिपरिको भागलाई सफा गर्नुहोस्। विशेष गरी पंखा (Fan) र मोटरको बाहिरी भागलाई सफा राख्नुहोस्। •यदि पम्पमा बेरिङ वा अन्य घुम्ने भागहरू छन् भने, सिफारिस गरिएको लुब्रिकेन्ट (Grease/Oil) लगाउनुहोस्।
त्रैमासिक	•यदि पम्पमा बेल्ट (Belt) छ भने, त्यसको तनाव (Tension) र अवस्था (Condition) जाँच गर्नुहोस्। बेल्ट कमजोर भएमा बदल्नुहोस्। •पम्पको सुरु र बन्द हुने प्रणाली (Switch/Starter) सही तरिकाले काम गरिरहेको छ कि छैन, जाँच गर्नुहोस्।
६ महिनामा	•पम्पको भित्री भागको ब्लेड (Impeller) मा कुनै क्षति (Damage) वा फोहोर जमेको छ कि छैन, जाँच गर्नुहोस्।
	•पम्पको बेरिङको अवस्था जाँच गर्नुहोस् र यदि आवाज वा समस्या आएको छ भने बदल्नुहोस्।

पानी तान्ने पम्पको मर्मत गर्दै

३.६. धान रोप्ने मेसिन (Rice Transplanter)

समय	गर्नु पर्ने क्रियाकलाप
दैनिक सेवा	• इन्जिनमा प्रयोग गर्ने तेल (Engine Oil) जाँच गर्नुहोस्। • इन्धन जाँच र एयर फिल्टर सफा गर्नुहोस्। • रोप्ने आर्म पटक-पटक निरीक्षण गर्नुहोस् साथै मेसिनमा लागेको माटो सफा गर्नुहोस्।
साप्ताहिक सेवा	• इन्जिनमा प्रयोग गर्ने तेल (Engine Oil) तेल परिवर्तन गर्नुहोस्। • प्रत्येक जोइन्ट मा ग्रिसिंग गर्नुहोस् साथै चेनको तनाव (Tension) चेक गरि चेन मिलाउनुहोस्।
मासिक सेवा	• मेसिन पुर्णरुपमा सफा गरि इन्धन फिल्टर परिवर्तन गर्नुहोस्। • ट्रान्समिसन तेल जाँच गरि आवस्यक परे फेर्नुहोस् साथै पुर्णरुपमा रोप्ने भागको निरीक्षण गर्नुहोस्।
मौसमी / दीर्घकालीन सेवा	• मेसिन सफागरि सुक्खा ठाउँमा गर्नुहोस्। • चल्ने भागमा ग्रीस लगाई, इन्धन ट्याङ्की खाली गर्नुहोस् ।

धान रोप्ने मेसिनको मर्मत तथा परिक्षण गर्दै

३.७. कफी पल्पर मेसिन (Coffee Pulper Machine)

समय	गर्नु पर्ने क्रियाकलाप
दैनिक सर्भिसिङ	• पल्पिङ ड्रम र हपर साथै मेसिनलाई पुर्णरुपमा सफा गर्नुहोस् । • बोल्ट र स्क्रू जाँच गरी फोहोर हटाउनुहोस्।
साप्ताहिक सर्भिसिङ	• चेन र बेयरिङमा ग्रिस हाल्नुहोस् । • बेल्ट टेन्सन जाँच गर्नुहोस् । • डिस्चार्ज आउटलेट सफा गरि खिया निरीक्षण गर्नुहोस्।
मासिक सर्भिसिङ	• मेसिन भित्र सफा गर्ने, गियर र पुलीमा लुब्रिकेन्ट हाल्ने, • फाटेका पाट्र्स परिवर्तन गर्ने, मोटर जाँच गर्ने।
वार्षिक सर्भिसिङ	• खिया लागेको पाट्र्स परिवर्तन गर्ने, गियरबक्स र बेयरिङ निरीक्षण गर्ने, पेन्ट गर्ने।

कफी पल्पर मेसिन सफा गर्दै

३.८. रिज मेकर (Potato Ridge Maker)

समय	गर्नु पर्ने क्रियाकलाप
हरेक प्रयोगअघि	• बोल्ट—नट कसेको छ कि छैन हेर्ने, • तेल चुहावट छ कि छैन जाँच्ने, • टायरको हावा जाँच्ने।
हरेक ५० घण्टा पछि	• बेयरिङमा ग्रीस हाल्ने, चेन र बेल्ट टेन्सन जाँच्ने।
हरेक १०० घण्टा पछि	• गियर बक्सको तेल परिवर्तन गर्ने, • ब्लेड वा रिज बनाउने डिस्कको खिइएको छ, छैन जाँच्ने।
मौसमी भण्डारण अघि	• मेसिन सफा गर्ने, • खिया लाग्न नदिन तेल लगाउने, • छायाँ वा सुख्खा स्थानमा राख्ने।

रिज मेकर

३.९. धान र गहुँ रिपर (Paddy & Wheat Reaper)

समय	गर्नु पर्ने क्रियाकलाप
हरेक प्रयोगअघि	• बेल्ट, ब्लेड र स्क्रू जाँच्ने, • इन्धन प्रणालीमा चुहावट छ कि छैन हेर्ने।
हरेक २५–५० घण्टा पछि	• ब्लेडमा तेल लगाउने, • ग्रीसिङ गर्ने, फ्यान बेल्ट टेन्सन जाँच्ने।
हरेक १०० घण्टा पछि	• इन्जिन तेल परिवर्तन गर्ने, • एयर फिल्टर सफा वा फेर्ने।
मौसमी भण्डारण अघि	• रिपर सफा गर्ने, ब्लेडमा तेल लगाउने, • ढाकिएको ठाउँमा राख्ने।

रिपरले धान काट्दै

३.१०. मकै रोप्ने मेसिन (Corn Seeder/Zab Planter)

समय	गर्नु पर्ने क्रियाकलाप
हरेक प्रयोगअघि	• बीउ ट्यांक सफा गरि बीउ निकाल्ने प्वालहरू बन्द/खुला छन् कि छैनन् चेक गर्नुहोस्।
हरेक ५० घण्टा पछि	• चेन र स्प्रोकेटमा ग्रीस हाल्नुहोस् । • फीड मिटरिङ्ग सिस्टम (seed plate / roller) को अवस्था जाँच गर्नुहोस्। • ह्यान्डल, हिलर, फरो ओपनर आदि खुकुलो भएको छ कि छैन जाँच गर्नुहोस्।
हरेक १०० घण्टा पछि	• गियर बक्स तेल परिवर्तन गर्नुहोस्। • बियरिङ, बुसिङ, बेल्ट र चेनमा घर्षण/खुकुलोपन भएमा फेर्नुहोस्।
मौसमी भण्डारण अघि	• सबै भाग सफा गरेर तेल लगाई, सुख्खा ठाउँमा ढाकेर राख्नुहोस्। • सबै चल्ने भागहरूमा तेल वा ग्रीस लगाएर खियाबाट बचाउनुहोस्। • कुनै भाग बिग्रिएको वा खिया लागेको भए फेर्नुहोस्।

मकै रोप्ने मेसिन को परिक्षण गर्दै

३.११. मल्टि क्रप थ्रेसर (Multi Crop Thresher)

समय	गर्नु पर्ने क्रियाकलाप
दैनिक	• थ्रेसर सफा गर्नुहोस्, तेल जाँच गर्नुहोस् • बोल्ट/स्क्रू जाँच गर्नुहोस्, लुब्रिकेसन गर्नुहोस् • एयर फिल्टर सफा गर्नुहोस्।
साप्ताहिक	• पावर ट्रान्समिशन जाँच गर्नुहोस् • टायर चेक गर्नुहोस्, ब्लेड र ड्रम जाँच गर्नुहोस् • इन्जिन फिल्टर जाँच गर्नुहोस्।
मासिक	• सबै जडानहरू जाँच गर्नुहोस् • सुरक्षा उपकरण जाँच गर्नुहोस्, • संकलन हने च्याम्बर (Hopper) जाँच गर्नुहोस्।
वार्षिक	• स बै भागहरूको राम्ररी जाँच गर्नुहोस्

धान थ्रेशिंग गर्दै

नोटः माथिको तालिका सामान्य दिशानिर्देश मात्र हो। मेसिनको सही मर्मतसम्भारका लागि सधैं आफ्नो मेसिनको साथमा आएको प्रयोगकर्ता पुस्तिका (User Manual) हेर्ने गर्नुहोस् र पुस्तिकामा भएको अनुसारका क्रियाकलापहरु गर्नु होला।